का.जि.प्र.का.द.नं. १००/०५९/६०

८ चैत २०७८,
मंगलबार
22 March 2022,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक ४५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

वाम एकता

# अनुदार ओली

नेकपा एमालेको सोमबार बसेको पोलिटब्यूरो बैठकमा घनश्याम भूसालले आगामी चुनावमा गठबन्धन र पार्टी एकताको प्रस्ताव राखेका थिए । तर अध्यक्ष केपी शर्मा ओलीले भने चुनाव तालमेल भएपनि प्रचण्ड र माधवकुमार नेपालको पार्टीसँग एकता नहुने जवाफ दिए ।



तीन पार्टी हुनुपर्ने वैचारिक र सैद्धान्तिक आधार नभएकाले आगामी चुनावमा वामपन्थी विजय सुनिश्चित गर्न पनि वाम गठबन्धन र एकताको बाटो रोज्न जरुरी छ ।

**घनश्याम भूसाल**
**नेता, नेकपा एमाले**



**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ७ चैत ।

नेकपा एमालेको बैठकमा वाम एकताको विषयले प्रवेश पाएको छ । सोमबार बसेको पोलिटब्यूरो बैठकमा घनश्याम भूसालले वाम गठबन्धन र पार्टी एकताको प्रस्ताव पेश गरेका हुन् । पोलिटब्यूरो उद्घाटनपछि भूसालले वाम गठबन्धन र एकताको तीन कारण रहेको बताएका थिए ।

भूसालको तर्क थियो- तीन पार्टी (एमाले, माओवादी केन्द्र र एकीकृत समाजवादी) बीच विभाजनको वैचारिक तथा सैद्धान्तिक कारण छैन । गठबन्धन र एकताले आगामी निर्वाचनमा वामपन्थी जित सुनिश्चित हुन्छ । र, कम्युनिस्ट पार्टीका अत्यधिक बहुसंख्यक सदस्य र कार्यकर्ताले कम्युनिष्ट पार्टीको एकता चाहेका छन् ।

तर भूसालको प्रस्तावको विरुद्ध अध्यक्ष केपी शर्मा ओली र उनी निकट नेताहरु उभिएका छन् । भूसाललाई सहयोग पुग्नेगरी अर्का नेता रघुजी पन्त र ठाकुर गैरेले मात्रै बोलेका थिए । पन्तले माओवादी केन्द्र र एकीकृत समाजवादीसँग तत्काल एकताको वस्तुगत आधार तयार नभएपनि अन्य वाम शक्तिसँग एकताको ढोका खुला राख्नुपर्ने बताएका थिए । गैरेले भने प्रदेश र संघको निर्वाचनमा नभए पनि स्थानीय तहमा गठबन्धनका निम्ति एमाले तयार हुनुपर्ने प्रस्ताव गरेका थिए ।

जवाफमा ओली भूसालप्रति कठोर देखिएपनि पन्त र गैरेको प्रस्तावबारे भने केही लचक देखिए । 'वामपन्थी एकताको विषयमा उहाँहरूले राख्नुभएको थियो, वामपन्थी दलहरूबीच एकता गर्दै जानुपर्ने र त्यसमा अध्यक्ष केपी ओलीले पहलकदमी लिनुपर्छ भन्ने उहाँहरूको भनाइछ', एक नेताले भने ।

भूसालले एक लेख मार्फत वाम एकता नभए सत्यानासको बाटो हिड्न तयार हुनुपर्ने उल्लेख गरेका थिए । पोलिटब्यूरो बैठकमा जस्तै भूसालले लेखमा पनि तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजनको सैद्धान्तिक आधार नभएको तर्क गरेका थिए ।

भूसालले एमाले वाम एकताको मूल प्रवाह भएकाले चुनावी गठबन्धनबाट अगाडि बढ्नुपर्ने प्रस्ताव गरेका थिए । तर सोमबार बैठकमा ओलीले भने वाम एकताको सम्भावना नरहेको जवाफ दिए । भूसालको प्रस्ताव खण्डनन गर्दै ओलीले भनेका थिए, 'प्रचण्ड र माधव नेपालको पार्टी वाम पार्टी नै होइन, के को एकता ?' तर चुनावी एकता हुन सक्ने ओलीको तर्क थियो । गैरेले पनि स्थानीय तहको चुनावमा गठबन्धनका निम्ति एमाले तयार हुनुपर्ने प्रस्ताव थियो । ओलीले आफ्नो पार्टीविरूद्ध सर्वोच्च अदालतमा मुद्दा हाल्ने, पार्टीका सांसदलाई फुटाउन सभामुखको प्रयोग गर्ने र कांग्रेसको सेवा गर्नेहरू वाम नभएको उल्लेख गरेका थिए ।

महेश बस्नेतले समेत प्रचण्ड र माधव नेपाल नेतृत्वको पार्टीमा रहेका कार्यकर्ता एमालेमा प्रवेश गर्न आह्वान गर्नुपर्ने तर्क गरेका थिए । तर एकताको कुरा उठाएर एमाले कमजोर रहेको सन्देश दिन नहुने बस्नेतको तर्क थियो ।

२०७४ को चुनावमा गठबन्धन र ३ जेठ २०७५ मा एकता भएको नेकपाको एकता प्रक्रिया गएको वर्ष भंग भएको थियो । त्यो नेकपा अहिले एमाले, माओवादी केन्द्र र एकीकृत समाजवादीमा विभाजित छन् ।

# आयोगप्रति एमालेको अविश्वास

निर्वाचन आयोगप्रति नेकपा एमालेले अविश्वास प्रकट गरेको छ । मतपत्रको रङ, बहालवाला जनप्रतिनिधिले उम्मेदवार हुन चाहे राजीनामा दिनुपर्ने र मनोनयनका लागि दुई दिन समय तय गरिएकोमा एमाले असन्तुष्ट छ ।

'निर्वाचन आयोग निश्पक्ष हुनुपर्छ हाम्रो सरोकार यहीं हो । तर, आयोग महत्वपुर्ण निर्णय गर्दा दलहरुलाई सोध्दैन भने आशंका भइहाल्छ ।'

**विष्णु रिमाल**
**नेता, नेकपा एमाले**

'नियत सफा भएपछि अनावश्यक रुपमा उठ्ने प्रश्नले खास अर्थ राख्दैन । दलहरुले भोट बटुल्न पनि आयोगको आलोचना गर्न सक्छन् ।'

**दिनेश थपलिया**
**प्रमुख निर्वाचन आयुक्त**

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ७ चैत ।

मुलुक आगामी बैशाख ३० गते हुने स्थानीय तहको चुनावमा केन्द्रीत भएको छ । निर्वाचन आयोगले पनि तयारी तीव्र पारेको छ । तर, प्रमुख विपक्षी नेकपा एमालेले निर्वाचन आयोगप्रति अविश्वास प्रकट गरेको छ ।

सोमबार राजधानीमा भएको पार्टीको पोलिट्व्यूरो बैठकमा एमाले अध्यक्ष केपी शर्मा ओलीले निर्वाचन आयोगको गतिविधिमाथि प्रश्न उठाए । महत्वपूर्ण निर्णयहरुमा दलहरुसँग छलफल र परामर्श नगरेको उनको टिप्पणी छ । आयोगका निर्णयहरुमा एमालेको असहमति रहेको भन्दै उनले भने, 'निर्वाचन आयोग एमालेविरुद्ध नलागोस् ।'

खासगरी एमालेले मतपत्रको रङ, बहालवाला जनप्रतिनिधिले उम्मेदवार हुन चाहे राजीनामा दिनुपर्ने र मनोनयनका लागि दुई दिन समय तय गरिएकोमा असन्तुष्टी प्रकट गरेको छ । यी विषयमा एमालेले निरन्तर प्रश्न उठाइरहेको छ ।

नेकपा एमालेका नेता विष्णु रिमालका अनुसार आयोगकै कार्यले प्रश्न उठ्न पुगेको हो । मध्यान्हसँग रिमाल भन्छन्, 'निर्वाचन आयोग निश्पक्ष हुनुपर्छ हाम्रो सरोकार यहीँ हो । तर, आयोग महत्वपुर्ण निर्णय गर्दा दलहरुलाई सोध्दैन भने आशंका भइहाल्छ ।' विगतमा एक दिन मात्रै राख्ने गरिएको उल्लेख गर्दै उनले मनोनयन दर्ताका लागि यो पटक दुई दिन राखिनुले पनि शंका थपेको बताए ।

आइतबार इलाममा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै एमाले अध्यक्ष ओलीले मनोनयन दर्ताका क्रममा गठबन्धन दलभित्र विवाद हुनसक्ने भएकाले दुई दिन मनोनयनको समय राखिएको टिप्पणी गरेका थिए । आयोगले सत्तारुढ दलको अनुकुल हुने काम गरेको भन्दै ओलीले आयोगका अधिकारीहरुको नियतमाथि नै प्रश्न उठाए ।

एमालेले मतपत्रको रङमाथि पनि प्रश्न उठाइरहेको छ । २०७४ सालको चुनावको मतपत्रमा हरियो रङ प्रयोग नभएकाले अहिले किन ? भन्ने एमालेको प्रश्न छ । तर, निर्वाचन आयोग २०७४ सालको प्रतिनिधिसभाको निवाचनको मतपत्रमा हरियो रङ प्रयोग भएको बताउँछ । र आयोगका अधिकारीहरु आफुहरुको नियत्त सफा रहेकाले अनावश्यक आशंका नगर्न आग्रह गर्छन् ।

'जे जस्ता प्रश्न उठाइएको भएपनि आयोगले निश्पक्ष चुनाव गराउन खोजेको हो' प्रमुख आयुक्त दिनेश थपलिया भन्छन्, 'नियत सफा भएपछि अनावश्यक रुपमा उठ्ने प्रश्नले खास अर्थ राख्दैन । दलहरुले भोट बटुल्न पनि आयोगको आलोचना

– बाँकी पृष्ठ २ मा

## उम्मेद्वार सिफारिसको पाँच मापदण्ड

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ७ चैत ।

नेकपा एमालेले स्थानीय आसन्न तह चुनावमा उम्मेदवार चयनका लागि बिभिन्न पाँच वटा मापदण्ड तय गरेको छ । एमाले पोलिटब्युरो बैठकले तय गरेका मापदण्ड अनुसार जनप्रतिनिधि भएर काम गरेकाहरूको हकमा उनीहरुको कामको मूल्यांक्न हेरेर पुनः दोहोऱ्याउने कि नदाहोऱ्याउने निर्णय हुन्छ । उनीहरुको कार्यक्षमता तथा विकास र सुशासनलाई उम्मेदवार चयनको पहिलो मापदण्ड बनाइएको छ ।

दोस्रोमा लोकप्रियता र चुनावमा विजयको सुनिश्चितता भनिएको छ । जहाँ व्यत्तित्व हेरिनेछ । तेस्रोमा पार्टी आन्दोलनमा पुऱ्याएको योगदानलाई उम्मेदवार चयनको मापदण्ड बनाईको छ ।

चौथो मापदण्डमा छ- निष्ठा । निष्ठावान व्यक्तिहरुलाई पनि समेट्ने गरी एमालेले उम्मेदवार चयनको मापदण्ड बनाएको छ ।

पाचौँमा समावेशी सन्तुलनलाई आधार बनाइने उल्लेख छ । संविधानले नै समावेशीतालाई सुनिश्चित गरेको छ । तर, एमालेले उम्मेदवार छनोटको मापदण्डमा यसलाई पाँचौं प्राथमिकतामा

– बाँकी पृष्ठ २ मा

# वैदेशिक रोजगारीमा जाने कामदार घटे

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ चैत

पुस र माघ महिनाको तुलनामा फागुन महिनामा संस्थागतरूपमा अर्थात म्यानपावर कम्पनीबाट वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या घटेको छ । वैदेशिक रोजगार विभागले तयार पारेको मासिक प्रगति प्रतिवेदन अनुसार फागुनमा संस्थागतरूपमा २४ हजार ९८ जनाको श्रम स्वीकृति भएको छ । माघमा उक्त संख्या ३० हजार २ सय ९७ र पुसमा ३३ हजार १ सय ९३ थियो ।

फागुनमा व्यक्तिगत प्रयासमा नयाँ २ हजार ३ सय २९ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । वैधानिकीकरण हुने एक हजार ९३ जना र पुनः श्रम स्वीकृतिका माध्यमबाट २५ हजार ९ सय ९७ जनाको श्रम स्वीकृति भएको छ । समग्रमा फागुन महिनामा ५३ हजार ४ सय ५७ जनाको श्रम स्वीकृति भएको छ । अघिल्लो महिना माघमा ५४ हजार ४ सय ६५ जनाको श्रम स्वीकृति भएको थियो ।

विभागको प्रगति विवरण अनुसार ८ सय ६० मध्ये फागुन महिनामा ६ सय ४८ म्यानपावर कम्पनीले कामदार पठाउन श्रम स्वीकृति लिएका छन् । २ सय बढी म्यानपावर कम्पनीले फागुन महिनामा एक जना कामदारको पनि श्रम स्वीकृति निकालेनन् ।

फागुन महिनामा सबैभन्दा बढी साउदी अरबमा ९ हजार १ सय ६० जनाको श्रम स्वीकृति भएको छ । साउदी अरबपछि कतार जानेको श्रम स्वीकृति भएको छ । कतार जान ५ हजार ८ सय ४४ जनाले श्रम स्वीकृति लिएका छन् । फागुनमा यूएई जान ४ हजार २ सय ५८ जनाले श्रम स्वीकृति लिएका छन् ।

केही म्यानपावर कम्पनीले नयाँ डिमाण्डको विज्ञापन गराए पनि फागुनमा मलेसियामा संस्थागतरूपमा श्रम स्वीकृति भएको छैन । फागुनमा बहराइनका लागि ७ सय ५६ जना, साइप्रसका लागि २ सय ४९ जना, क्रोएसियाका लागि ७ जना, जोर्डनका लागि १ सय १६ जना, कुवेतका लागि ३ हजार १ सय ५२ जना, मरिससका लागि ३० जना, ओमानका लागि ३ सय १३ जनाको संस्थागत श्रम स्वीकृति भएको छ ।

अघिल्लो महिनामा जस्तै रोमानिया जाने क्रम फागुनमा पनि देखिएको छ । रोमानियाका लागि

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## फागुनमा बढी कामदार पठाउने म्यानपावर कुन–कुन ?

**काठमाडौं/मस–** फागुन महिनामा सबैभन्दा बढी कामदार वैदेशिक रोजगारीमा पठाउने म्यानपावर कम्पनीको सूचीको पहिलो नम्बरमा प्याराडाइज इन्टरनेशनल प्रा.लि. रहेको छ । फागुनमा ५ सय ५६ जनाको अन्तिम श्रम स्वीकृति निकालेको प्याराडाइज इन्टरनेशनल प्रा.लि. पहिलो, ३ सय ४ जनाको श्रम स्वीकृति निकालेको ईण्डो अरब म्यानपावर प्रा.लि. दोश्रो, ३ सय ३ जनाको श्रम स्वीकृति निकालेको एसओएस म्यानपावर सर्भिस प्रा.लि तेस्रो, २ सय ९९ जना कामदारको श्रम स्वीकृति निकाल्दै लिंक इन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा.लि. चौथो, २ सय ४९ जनाको श्रम स्वीकृति निकाल्दै सेन्टर क्यापिटल सर्भिस प्रा.लि. पाँचौ स्थानमा रहेका छन् ।

२ सय ४१ जनाको श्रम स्वीकृति निकालेको फ्युचर इम्प्लोइमेन्ट सर्भिस प्रा.लि. छैठौं, २ सय ३३ जनाको श्रम स्वीकृति निकालेको एसआरके नेपाल प्रा.लि सातौं, २ सय ३० जनाको श्रम स्वीकृति निकाल्दै मोभिरा रिक्रुटमेन्ट कन्सल्ट सर्भिस प्रा.लि. आठौं, २ सय २६ जनाको श्रम स्वीकृति निकाल्दै भ्रिन्डित सर्भिस प्रा.लि. नवौं र २ सय १८ जनाको श्रम स्वीकृति निकाल्दै नील कमल ह्युमन रिसोर्स प्रा.लि दशौं स्थानमा रहेका छन् । एक सय जना भन्दा बढीको श्रम स्वीकृति निकाल्ने म्यानपावर कम्पनीको संख्या फागुनमा ६० रहेको छ ।

## वर्ल्डकपका लागि नेपाली कामदार लिन कतार इच्छुक

काठमाडौं/रासस- नेपाल र कतारबीच द्विपक्षीय श्रम सम्झौता नवीकरण गर्ने सहमति भएको छ । कतार भ्रमणमा रहेका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ र कतारका श्रममन्त्री डा अल वीन समिख अल मारीबीच भएको भेटवार्तामा सो सहमति भएको हो ।

मन्त्री श्रेष्ठले नेपाल र कतारबीचको श्रम सम्झौता नवीकरणका लागि नेपाल सरकारले पठाएको मस्यौदाबारे समकक्षीलाई जानकारी गराएका थिए । सो क्रममा कार्यदलस्तरमा छलफल गरी मस्यौदालाई छिट्टै अन्तिम रुप दिने र नेपालमा हस्ताक्षर समारोह आयोजना गर्ने सहमति भएको मन्त्री श्रेष्ठको सचिवालयले जनाएको छ । श्रम आप्रवासनलाई व्यवस्थित र सुरक्षित गर्न नेपाल र कतारबीच सन् २००५ मा

– बाँकी पृष्ठ २ मा

# सिसी क्यामेराको निगरानीमा मतपेटिका

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ चैत ।

निर्वाचन आयोगले स्थानीय तहको चुनावको मतपेटिकाको निरिक्षण सिसीक्यामेराबाट गर्ने भएको छ ।

मतपेटिका भण्डारण र मत गणनास्थलको सिसीक्यामेराबाट गर्दै गरा उक्त दृश्य सिधै आयोगको केन्द्रीय कार्यालय बाठमाडौंबाट गर्ने गरी व्यवस्था मिलाइएको हो ।

निर्वाचन आयोगका प्रवक्ता शालीग्राम शर्माले स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि मतपेटिका भण्डारण तथा मत गणनास्थलको अनुगमन र दृश्यावलोकन आयोग परिसरबाटै हुने बताए ।

आयोगले अवलोकन प्रणाली जडान गर्ने सन्दर्भमा आवश्यक व्यवस्था मिलाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत ७५३ वटै स्थानीय तहलाई अनुरोध गरेको छ ।

सुरक्षा व्यवस्थापनलाई मध्यनजर गरेर सिसीक्यामेराको निगरानीमा मतपेटिका हुने गरी व्यवस्था मिलाइएको आयोगका अधिकारीहरु बताउँछन् ।

५८ दलले दिए विवरण

स्थानीय तह निर्वाचनमा भाग लिन ५८ राजनीतिक दलले जिल्लास्तरको संगठन संरचनासहितको विवरण निर्वाचन आयोगमा बुझाएका छन् ।

त्यसअघि स्थानीय तह निर्वाचनमा भाग लिन ७३ वटा दल दर्ता भएका थिए । दर्ता भएकामध्ये मध्ये ५८ दलले मात्रै दलीय विवरण बुझाएका हुन् ।

तर, कुन दलले कुन कुन जिल्लाको विवरण बुझाएका छन भन्ने आयोगले सार्वजनिक गरेको छैन् । निर्वाचन आयोगले स्थानीय तहको चुनावमा चुनाव चिह्न प्रदान गर्न राष्ट्रिय दलको मान्यता नपाएका दलहरुसंग जिल्लागत विवरण माग गरेको थियो ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार जिल्ला निर्वाचन कार्यालयबाट दलहरुको विवरण आउनेक्रम जारी छ ।

उनका अनुसार केन्द्रमा आएका ५८ वटा दलको विवरण र ती दलले जिल्लामा

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
८ चैत २०७८, मंगलबार
22 March 2022, Tuesday

# आवश्यकताका आधारमा गठबन्धनः पौडेल



**काठमाडौं/मस**–नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले आगामी स्थानीय तहको निर्वाचनमा आवश्यकताका आधारमा गठबन्धन हुने बताउनुभएको छ । तनहुँको भानु नगरपालिका-१३ खड्का गाउँमा सोमबार कार्यक्रममा उनले गठबन्धन आवश्यक रहेको र त्यसको निर्णय स्थानीयस्तरको आवश्यकताका आधारमा हुने बताए ।

'कांग्रेस जम्मा ३० प्रतिशत थियो, ७० प्रतिशत कम्युनिष्ट छन्, कम्युनिष्टसँग लड्नका लागि पनि गठबन्धन आवश्यक छ,' पौडेलले भने, 'स्थानीयस्तरको आवश्यकता हेरेर गठबन्धनको निर्णय हुन्छ ।' वरिष्ठ नेता पौडेलले मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)का विषयमा जनताले पनि बुझ्न थालेको तर्क गरे । सुरुमा एमसिसीको विरोध गर्ने जनता पनि एमसिसीको बारेमा स्पष्ट भएको पौडेलको भनाइ थियो । 'सुरुमा एमसिसी सुन्ने बित्तिकै जनता विरोधमा उत्रिन्थे, एमसिसीको विपक्षमा ठूलो माहोल थियो, अहिले जनताले पनि बुझिसकेका छन्,' पौडेलले भने ।

## आयोगप्रति ...

गर्न सक्छन् ।' बहालवाला पदाधिकारीले उम्मेदवार हुनु अघि नै राजनिामा दिनुपर्ने भनी राखिएको प्रावधान पनि सबै उम्मेदवारले समान हैसियतमा चुनाव लड्न सकुन भन्ने उदेश्य रहेको उनले सुनाए । निर्वाचन आयोगले आधिकारीक रुपमा समेत 'समान मैदान दिन जनप्रतिनिधिको राजीनामा' प्रावधान राखिएको बताएको छ । सोमबार आयोजित नियमित पत्रकार सम्मेलनमा आयोगका प्रवक्ता शालिकराम शर्मा पौडेलले बहालवाला जनप्रतिनिधिले उम्मेदवारी दर्ता गर्दा राजीनामा दिनुपर्ने विषयका पछाडि दुई वटा पाटा रहेको भनी भनी ब्याख्या गरे ।

राजीनामाको प्रावधान राखिनुको कारण दिँदै उनले भने, 'सबै उम्मेदवारहरुलाई समान मैदान खडा गर्नका लागि यसो गरिएको हो । बहाल रहेका पदाधिकारीले सरकारी साधन स्रोतको प्रयोग गर्न सक्छ । यसलाई आयोगले ख्याल गरेको मात्रै हो ।'

राजीनामाको प्रँवधान नराख्दा के हुन्छ ? भन्दै उनले थपे, ' जो हाल पदाधिकार हुनुहुन्छ, उहाँहरु र बहाल नरहेको व्यक्तिले निर्वाचनमा प्रतिस्पर्धा गरिरहँदा बहाल रहेका पदाधिकारले राज्यको स्रोतसधान उपयोग गर्ने सम्भावना रह्यो । त्यही स्वस्थ प्रतिपर्धा नहुने देखेर राजीनामा दिनुपर्ने प्रावधान राखेको हो ।' यदि यस्तो व्यवस्था नराखिएको भए धेरैको उम्मेदवारी रद्द हुने खतरा रहेको पनि उनले सुनाए । संविधानको धारा ३०६ ले सुविधालाई पारिश्रमिकमा समेटेको र स्थानीय तह निर्वाचन नियमावली-२०७ को अनुसूची १ ले उम्मेदवारले सार्वजनिक पदमा बहाल छैन, लाभको पद धारण गरेको छैन भनेर मनोनयनपत्रमा स्वघोषणा गर्नुपर्ने भनेको स्मरण गर्दै उनले थपे, 'पदमै बहाल रहेर स्वघोषणा गर्दा ठूलो दुर्घटना हुन सक्थ्यो , उजुरी पर्‍यो भने उम्मेदवारी रद्द हुन सक्थ्यो ।'

## उम्मेद्वार....

राखेको देखिन्छ। एमालेले वडाअध्यक्ष र सदस्यका उम्मेदवारको सिफारिस गर्ने अधिकार वडा कमिटीलाई दिएको छ । वडा कमिटीको सिफारिसमा गाउँपालिकाले निर्णय गरेपछि वडाअध्यक्ष र सदस्यका उम्मेदवार तय हुन्छन्। गाउँपालिका अध्यक्षको जिल्ला कमिटीलाई र मेयर उपमेयरको प्रदेश कमिटीलाई उम्मेदवार चयन गर्ने अधिकार दिइएको छ । महानगरको मेयर र उपमेयरका उम्मेदवार चयन प्रदेशको सिफारिसमा केन्द्रीय कमिटीले गर्ने तय भएको छ ।

### घोषणापत्रको तयारी

एमालेले स्थानीय तहको चुनावी घोषणापत्रको तयारी गरेको छ । र यही चत ९ गते पार्टी केन्द्रले नै घोषणापत्र जारी गर्ने तय भएको छ । उक्त घोषणापत्र सबै पालिकामा चुनावी प्रतिवद्धताका रुपमा जानेछ । स्थानीय तहले आ-आफ्ना छुट्टै घोषणापत्र पनि सार्वजनिक गर्नेछन् । स्थानीय तहको निर्वाचनमा आफ्नो विभागीय काममा असर नगर्ने गरी केन्द्रीय कमिटी सदस्य निर्वाचनमा खटिने एमालेको निर्णय छ ।

## वैदेशिक...

२ सय ५ जनाको श्रम स्वीकृति भएको छ । फागुनमा अघिल्ला महिनाहरूमा जस्तै सबैभन्दा बढी धनुषा जिल्लाका युवाहरु वैदेशिक रोजगारमा गएका छन् ।

## सिसी क्यामेराको ...

बुझाएको विवरण भिडाउँदा मेल खाएपछि ती दलका उम्मेदवारलाई सम्बन्धित जिल्लाको स्थानीय तहको चुनाव चिह्न प्रदान गरिनेछ। जिल्ला समिति नभएकाहरुको दलको उम्मेदवारहरु स्वतन्त्र उम्मेदवारका रुपमा रहनेछन् ।

## वर्ल्डकपका...

श्रम सम्झौता भएको थियो । गत मङ्सिरमा काठमाडौंमा भएको नेपाल-कतार संयुक्त समितिको चौथो बैठकमा भएका निर्णय कार्यान्वयनबारे पनि सो अवसरमा छलफल भएको थियो। नेपाल-कतार संयुक्त समितिको चौथो बैठकमा श्रम सम्झौता पुनरावलोकन गर्ने सहमति भएको थियो ।

कतारमा काम गरेर फर्केका नेपालीहरुको आर्थिक सामाजिक पुनः एकीकरणमा सघाउन नेपालले प्रस्ताव गरेको छ । नेपालबाट लैजाने श्रमिकको दक्षता वृद्धिका लागि कतार सरकारले नेपालका सातवटै प्रदेशमा तालिम केन्द्र स्थापना गर्न सहयोग गर्ने जनाएको थियो । भेटवार्तामा श्रमिकको सामाजिक सुरक्षाको प्रत्याभुति गर्ने, कार्यस्थलमा सुरक्षा, स्वास्थ्य र २४ घण्टे बीमाको व्यवस्था, सामाजिक सुरक्षामा सहभागितालगायत विषयमा पनि छलफल भएको बताइएको छ । प्रमुख श्रम गन्तव्यका रुपमा रहेको कतारमा तीन लाख बढी नेपाली श्रमिक कार्यरत रहेका छन् ।

मन्त्री मारीले सन् २०२२ मा कतारमा आयोजना हुने विश्वकपमा नेपाली श्रमिक ल्याउन इच्छुक रहेको बताएका छन् । भेटवार्तामा मन्त्रालयका सचिव एकनारायण अर्याल, सहसचिव राजीव पोखरेल, उपसचिव डा थानेश्वर भुसालका साथै नेपाली दुतावासका अधिकारीहरू र कतारको श्रम मन्त्रालयका सचिव मोहम्मद हसन अल लवाद्लीसमेत थिए ।


**Laligurans Municipality**

**Office of The Municipal Executivee**

**Basantapur, Tehrathum**

**Province No. 1, Nepal**

## INVITATION FOR BIDS

**Date of Pubilcation: 22nd March, 2022**

1. *Laligurans Municipality, Terhathum* invites electronic bids from Nepalese eligible bidders for procurement of following works.

| SN | Contract Identification No. | Name of Project | Estimated Amount ( with VAT and PS) NRs. | Bid Security Amount NRs. | Cost of Bidding Doccument NRs. |
|---|---|---|---|---|---|
| 1 | LM/NCB/W/08/ 2078-79 | Tinjure ma.bi School Bhawan Nirman, Laligurans-7 | 34,73,128.00 | 90,000.00 | 3000.00 |
| 2 | LM/NCB/W/09/ 2078-79 | Jalakanya ma.bi School Bhawan Nirman, Laligurans-5 | 34,73,128.00 | 90,000.00 | 3000.00 |
| 3 | LM/NCB/W/10/ 2078-79 | Shree Mansmarak ma.bi Bhawan Nirman, Laligurans-3 | 19,70,425.21 | 45000.00 | 3000.00 |

2. **Details of Bid:-**

| SN | Name of Project | Contract ID No. | Bid Validity period | Bid Security Validity Period | Deadline for Bid Submission | Opening of Bid | Type of Bidding |
|---|---|---|---|---|---|---|---|
| 1 | Tinjure ma.bi School Bhawan Nirman, Laligurans-7 | LM/ NCB/W/08/ 2078-79 | 90 days after Bid Opening | 30 days beyond Bid Validity Period | 22nd April, 2022 12:00 Hrs | 22nd April, 2022 13:00 Hrs | Electronic Bid only (PPMO'S e-GP System) |
| 2 | Jalakanya ma.bi School Bhawan Nirman, Laligurans-5 | LM/ NCB/W/09/ 2078-79 | 90 days after Bid Opening | 30 days beyond Bid Validity Period | 22nd April, 2022 12:00 Hrs | 22nd April 13:00 Hrs | |
| 3 | Jalakanya ma.bi School Bhawan Nirman, Laligurans-5 | LM/ NCB/W/10/ 2078-79 | 90 days after Bid Opening | 30 days beyond Bid Validity Period | 22nd April, 2022 12:00 Hrs | 22nd April 13:00 Hrs | |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Doccuments at the office of PPMO website www.bolpatra.gov.np /egp.
4. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : **NCC Bank Ltd, Basantapur**
   Name of the Office : **Laligurans Municipality, Basantapur Tehrathum**
   Office Code no. :**305010501** Office Account no: **1350000043201**(GA-1.1 Antarik Rajaswa khata)
   Office Account No : **1350000043901** ( GA -3 Isthaniya Dharauti Khata)
   Pre-bid meeting shall be held at *Laligurans Municipality meeting Hall at 13:00 on 10th April 2022*.
5. If the Last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Other related rules and regulations are as per Public Procurement Act-2063 and Public Procurement Regulations-2064 following all revisions and other prevailing law of Nepal.

**नेपाल सरकार**
**सहरी विकास मन्त्रालय**
**सहरी विकास तथा भवन निर्माण विभाग**
**संघीय आयोजना कार्यान्वयन इकाई**
**मोरङ, विराटनगर**

## बोलपत्रको मिति संसोधन गरिएको सूचना

**सूचना नं.२४/२०७८/०७९**
**प्रथम पटक सुचना प्रकाशित मिति २०७८।१२।०८**

यस कार्यालयबाट मिति २०७८।१२।०७ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं. २३ अन्तर्गतको बोलपत्र आह्वान सम्बन्धि सूचनामा बोलपत्र दर्ता गर्ने अन्तिम मिति ई.सं. 20th April 2022 हुनु पर्नेमा अन्यथा भएकोले सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आयोजना प्रमुख**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/१२/०८**

**ग्रेसी स्पोन रेष्टुरेन्ट प्रा.लि.** को मिति २०७८/१०/०६ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ग्रिसी स्पुन रेष्टुरेन्ट प्रा.लि. (प्रा. लि. नं.: १८१६२५)**, कायम गर्ने गरी मिति २०७८/१२/०१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**राप्ती नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भण्डारा,चितवन**
**बागमती प्रदेश**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मितीः २०७८।१२।०८)**

यस कार्यालयबाट मिती २०७८ कार्तिक १० (27th Oct, 2021) गते बिधुतिय खरिद प्रणाली मार्फत र मिति २०७८ कार्तिक ११ गते राजधानी राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आब्हान सम्बन्धि सुचना बमोजिम Single Stage double envelope System मा आब्हान भएको ठे.नं. 002/Works/NCB/RM/078/079 को "**मदन टोल पाखिबास देखि इट्टाभट्टी जाने सडक कालोपत्रे सडक**" निर्माण सम्बन्धी सुचनामा पर्न आएका बोलपत्रहरु मध्ये यस कार्यालयमा गठित बोलपत्र मुल्यांकन समितिको निर्णय अनुसार तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही ठहर भै सबैभन्दा न्युन कबोल रकम देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम स्वीकृतिको लागि छनौट गरिएकोले सोहि ऐनको दफा २७(२) र दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारी दिन यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफ्नो आशय पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**तपशिलः**

| ठेक्का नं. | योजनाको नाम | स्वीकृत हुने बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम ने.रु. (VAT र P.S. सहित) |
|---|---|---|---|
| 002/Works/ NCB/RM/ 078/079 | Madan Toll Pakharibas to Itta Bhatti Blacktop Road Construction | OM SATYA SAI–PANDEY JV, Bharatpur Chitwan | 1,51,90,600.62 |

**प्रमुख प्रशासकीय अधिकृत**

**विर्तामोड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**विर्तामोड, झापा**
**प्रदेश नं.१, नेपाल**

## विर्तामोड नगरपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

# गुणस्तरीय शिक्षामा सरकार प्रतिबद्धः मन्त्री पौडेल



**गण्डकी/मस–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले सरकार गुणस्तरीय शिक्षाका लागि प्रतिबद्ध रहेको बताएका छन् ।

पोखराको बाटुलेचौरस्थित विन्ध्यवासिनी माविको हीरक जयन्तीको सोमबार उद्घाटन गर्दै उनले सामुदायिक विद्यालयबाट गुणस्तरीय शिक्षामा जोड दिँदै संस्थागत विद्यालयलाई गाभ्ने गरी राज्यले नीति ल्याउने तयारी गरेको बताए ।

संघीयताको मर्मअनुसार नै विद्यालय शिक्षालाई सुधार्न शिक्षक महासंघसँग ५१ बुँदे सम्झौता गरिएको जानकारी दिँदै मन्त्री पौडेलले यसलाई गहिरोसँग अध्ययन गर्नुपर्ने बताए ।

कोभिडका कारण शैक्षिकसत्र परिवर्तन नहुने स्पष्ट पार्दै उनले शिक्षा सुधार कार्यक्रमले तीनवटै तहको शिक्षालाई थप गुणस्तरीय बनाउने विश्वास व्यक्त गरे। आगामी आर्थिक वर्षदेखि एसईई परीक्षा प्रदेशबाटै सञ्चालन हुने उनको भनाइ थियो ।

गण्डकी प्रदेशका भौतिक, सहरी विकासमन्त्री कुमार खड्काले देशको शिक्षा प्रणालीमाथि नै प्रश्न उठाउँदै शिक्षा क्षेत्र बेरोजगार उत्पादन गर्ने कारखानामा सीमित हुन नहुने बताए । प्रदेश सञ्चार, कानुन तथा प्रदेश मामिलामन्त्री विन्दुकुमार थापाले प्रदेश सरकारले प्राविधिक शिक्षामा जोड दिँदै आईटी पार्क निर्माणको प्रक्रिया सुरु गरेको जानकारी दिए ।

प्रतिनिधिसभाका सदस्य विद्या भट्टराईले मुलुकको समग्र विकासका लागि विद्यमान शिक्षा प्रणलीलाई सुधार गर्नुपर्ने आवश्यकता रहेको बताइन् । हीरक जयन्ती मूल समारोह समितिका अध्यक्ष एवं विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रा थापाको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेशसभा सदस्य कृष्णवहादुर थापा, पूर्वप्रदेश प्रमुख सोमनाथ अधिकारी, शिक्षा कार्यान्वयन एकाइ प्रमुख नारायण सुवेदी, वडाध्यक्ष जीवनप्रसाद आचार्य, विद्यालयका पूर्वअध्यक्ष दानबहादुर बानिया, महेन्द्र मावि भलामका प्रधानाध्यापक बोधराज पौडेल, पत्रकार महासंघ गण्डकीका सचिव यदुनाथ बञ्जारालगायतले शिक्षा क्षेत्रको सुधारका लागि सबै क्षेत्रको साथ र सहयोग आवश्यक पर्नेमा जोड दिए । कार्यक्रममा एसईई २०७७ मा उत्कृष्ट ग्रेड ल्याउन सफल विद्यार्थीलाई पुरस्कार तथा छात्रवृति प्रदान गरिनुका साथै विद्यालयको शैक्षिक तथा भौतिक विकासका लागि आवश्यक सहयोग गरिदिनु हुन मन्त्रीसमक्ष प्रधानाध्यापक कृष्णप्रसाद आचार्यले आग्रह गरे । कार्यक्रममा विद्यार्थीले विभिन्न नृत्यसहित सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए

# सातौँ लमजुङ महोत्सव हुने



**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, ७ चैत

लमजुङ बेसिशहर नगरपालिका–७ मा सातौँ लमजुङ महोत्सव हुने भएको छ । स्थानीय उत्पादन, संस्कृति तथा पर्यटनः कोभिड–१९ पछिको व्यवसाय पुनःस्थापना भन्ने मूल नारासाथ यही २५ देखि वैशाख ४ गतेसम्म महोत्सव हुन लागेको हो ।

आयोजक लमजुङ उद्योग वाणिज्य संघले बेसिशहरमा पत्रकार सम्मेलनको आयोजना गरी महोत्सव हुनेबारे जानकारी गराएको हो । संघका अध्यक्ष गुणराज सिलवालले भने, 'जिल्लामा रहेका परम्परागत कला संस्कृतिको जगेर्ना, व्यावसायिक कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा, जलविद्युत् क्षेत्रमा लगानीमैत्री वातावरण तथा व्यापार व्यवसायलाई प्रदेशस्तरसम्म प्रवर्द्धन गर्ने एवं स्थानीय समुदायलाई मनोरञ्जन प्रदान गरी जिल्लाको आर्थिक विकासमा टेवा पुऱ्याउने लक्ष्यका साथ महोत्वस आयोजना गर्न लागेका छौँ ।'

उनका अनुसार महोत्सवमा औद्योगिक तथा व्यापारिक प्रदर्शनी, स्थानीय घरेलु तथा हस्तकला प्रदर्शनी, गण्डकी प्रदेशभित्र रहेका उद्योग तथा व्यावसायिक प्रतिष्ठानको विशेष प्रदर्शन, कृषि, पुष्प तथा जडीबुटी प्रदर्शनी, लोक दोहोरी गीत कार्यक्रम, फोटो तथा वृत्तचित्र प्रदर्शनी, जातीय एवं सांस्कृतिक सग्रहालय, नवप्रतिभा, स्थानीय एवं विभिन्न विधाका राष्ट्रिय कलाकारको प्रस्तुति रहनेछ।

त्यस्तै आयोजकका अनुसार कोभिड १९ को प्रभावले सुस्ताएको जिल्लाको पर्यटन व्यवसायलाई पुनरुत्थान गरी टेवा पुऱ्याउने, जिल्लामा व्यावसायिक कृषि, पशुपालन र जुडीबुटी प्रवर्द्धन गरी निर्यातजन्य उत्पादनका लागि प्रोत्साहन गर्ने, स्थानीय उद्योग, व्यापार, हस्तकलाको प्रवर्द्धन गर्ने महोत्वसको उद्देश्य रहेको छ । महोत्सवमा २०० वटा स्टल राखिने छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७८/१२/०८**

**जि.एस.भेन्चर प्रा.लि.** को मिति २०७८/११/२० गते बसेको विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **रेविरा इन्क प्रा.लि. (प्रा.लि.नं.: १८२१०२)**, कायम गर्ने गरी मिति २०७८/११/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/१२/०८**

**ननस्टप मिडिया प्रा.लि.** (द.नं. १३७७१४/०७२/०७३) को नाम परिवर्तन भई **ग्यालेक्सी मिडिया ग्रुप प्रा.लि.** (Galaxy Media Group Pvt.Ltd.) भएको र साविक कम्पनीको नाममा रहेको सबै चल अचल सम्पथि र तिर्नु व्यहोर्नुपर्ने दायित्व परिवर्तित कम्पनीको रहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**सम्पर्क ठेगानाः का.म.न.पा. ३४ शंखमूल, काठमाडौं**
**फोन नं.: ०१–५७०५०६६, ९८५११४०४३१**

# नगरपालिकाको कागजात अख्तियारको नियन्त्रणमा

**महेन्द्रनगर/मस**–अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कञ्चनपुरले सोमबार भीमदत्त नगरपालिका कार्यालयबाट छानविनका लागि भन्दै कागजात नियन्त्रणमा लिएको छ ।

अख्तियारमा लिखित उजुरी परेपछि सो उजुरीसँगै सम्बन्धित कागजात नगरपालिकाबाट नियन्त्रणमा लिइएको अख्तियार अनुसन्धान आयोग कञ्चनपुरका सूचना अधिकृत चन्द्रकान्त बस्नेतले जानकारी दिए ।

उनले भने, 'लिखित उजुरी परेपछि सोसँग सम्बन्धित कागजात मात्रै नियन्त्रणमा लिइएको हो । अब छानबिनको प्रकिया अघि बढ्यो ।'

स्रोतका अनुसार अख्तियारले पुल निर्माणका विस्तृत परियोजना प्रतिवेदन, इन्जिनियरिङ परामर्शदाता छनोट, सोसम्बन्धी



भुक्तानी लगायतका कागजात नियन्त्रणमा लिएको हो ।

त्यसैगरी आयोगले केही दिनअघि मात्रै भीमदत्त नगरपालिकाबाट महाकाली नदीमा रोयल्टी संकलनको ठेक्का पाएको यहाँस्थित भवानी कन्स्ट्रक्सन कम्पनीको कागजात नियन्त्रणमा समेत लिएर छानबिन गरिरहेको छ । नदीजन्य पदार्थमा रोयल्टी संकलनको जिम्मा पाएको उक्त कम्पनीले प्रतिघन मिटर नदीजन्य पदार्थको ७५ रुपैयाँ उठाउनुपर्ने भए पनि १०५ रुपैयाँसम्म सेवाग्राहीबाट लिएको अख्तियारीको भनाइ छ ।

**Kamal Rural Municipality**
**Office of Rural Municipal Executive**
**Topgachhi, Jhapa, 1 No. Province**

**INVITATION FOR ELECTRONIC BIDS**

**First Date of Publication: 2078/12/08 (2022/03/22)**

1. *Kamal Rural Municipality, Topgachhi, Jhapa* invites electronic bids from eligible bidders for the following Construction works.

| Contract ID No. | Name Of The Procurement | Procurement Method | Eastimated Amount ( with VAT and PS) (NRs) | Pre Bid Meetting | Bid Security Amount (Nrs) | Bid Document Fee (NRs) | Bid Submission Date | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 44/KRM/ PHYSICAL/ 2078/079 | Construction Of Physical Development Works In Pusphathir Ismiti Pratisthan, Ward No. 1 | SQ-Works | 19,22,941.60 | NA | 49,700.00 | 1,000.00 | 2022/04/06 2078/12/23 12:00 NOON | 2022/04/06 2078/12/23 13:00 NOON |
| 36A/ HATBAZER/ 2078/079 | Construction of Agriculture Trade Infrastructure (Truss Block ) Ward No, 7 | SQ-Works | 17,88,918.11 | NA | 45,000.00 | | | |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Kamal Rural Municipality, Topgachhi, Jhapa 023-475081, ***info@kamalmun.gov.np*** or may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp.**

**CHIEF ADMINISTRTIVE OFFICER**

## माङसेबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**इभाङ, इलाम**
**१ नं प्रदेश, नेपाल**

## बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८ चैत्र ०८ गते**

यस गाउँपालिकालाई आ.व. २०७८/०७९ मा तपशिल बमोजिमको निर्माण कार्यतथा मालसामान खरिद गर्नु पर्ने भएकाले सम्बन्धित कार्यको लागि ईजाजत प्राप्त, मूल्य अभिवृद्दि कर मा दर्ता भएका, ईच्छुक कम्पनीहरूबाट निम्न शर्तहरूको अधिनमा रही बोलपत्र आह्वान गरिएको छ ।

**तपसिलः**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र फारम दस्तुर | अनुमानित लागत (PS र VAT सहित) | जमानत रकम | बोलपत्र खोल्ने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | MRM/NCB/ WORKS/2078/79-08 | Tamakhola ChihandadaBhotedada Sadak StarunnatiPawa Khanda | 3,000/- | 41,62,956.73 | 1,20,000/- | 2079/01/08 2:30 pm | e-bidding only. |
| २ | MRM/SQ/ GOODS/2078/79-01 | Supply, Delivery and Installation of 64 set 50 watt Solar Home System | 1,000/- | 10,87,088/- | 25,000/- | 2078/12/23 12:30 pm | e-bidding only. |

**शर्तहरुः**

१. योग्य कम्पनीहरूले बोलपत्र सम्बन्धी कागजातहरू www.bolpatra.gov.np/egp मा गएर प्राप्त गर्न सकिने छ । बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरू खरीद बापत माथि उल्लेखित रकम पछि फिर्ता नहुने गरि सिटिजन्स बैंक ईन्टरनेसनल, माङसेबुङ शाखामा रहेको गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०६९०१०००००००१२०२ मा जम्मा गर्नुपर्नेछ ।
२. ईच्छुक बोलपत्रदाताहरुले बोलपत्र खोल्ने दिनको १२:०० बजे भित्र बोलपत्र दाखिला गर्नु पर्नेछ । सो समयावधि भन्दा ढिलो गरि आउने बोलपत्र स्वीकार गरिने छैन । यसरी दर्ता भएका बोलपत्र माथि उल्लेखित समयमा खोलिनेछ ।
३. बोलपत्रदाताले www.bolpatra.gov.np/egp मा गएर बोलपत्र फारम Download गरि धरौटी खातामा जमानत बापतको रकम जम्मा गरेको भौचर र अन्य आवश्यक सम्पूर्ण कागजात (स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि, कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि, ईजाजतपत्रको प्रतिलिपि, नविकरणको प्रतिलिपि) स्क्यान गरि गउयिबम गर्नु पर्ने छ । जमानत बापतको रकम सिटिजन्स बैंक ईन्टरनेसनल, माङसेबुङ शाखामा रहेको धरौटि खाता नं. ०६९०१०००००००२९२०१ मा जम्मा गर्नु पर्ने छ वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट सो बराबरको जमानत पेश गर्नु पर्नेछ र उक्त जमानतको मान्य अवधि MRM/NCB/WORKS/2078/79–08 को हकमा १२० दिनको र MRM/SQ/GOODS/2078/79–01 को हकमा ७५ दिनको हुनुपर्नेछ ।
४. बोलपत्रदाताले सम्बन्धित व्यवसाय गर्दा कुनै पनि कानुनी कारबाहीमा नपरेको स्व-घोषणापत्र पेश गर्नुपर्नेछ ।
५. बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्था जमानतको मान्य अवधि भने साविककै मिति देखि गणना गरिनेछ ।
६. कुनै वा सबै बोलपत्र पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सर्वाधिकार यस कार्यालयमा निहित रहने छ ।
७. रितपुर्वक दर्ता भएका बोलपत्रहरु प्रचलित कानुन बमेजिम तोकिएका बोलपत्रदाताको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तोकिएको दिन बोलपत्रदातावा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।
८. यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।
९. थप जानकारीका लागि यस कार्यालयमा वा सूचना अधिकारी उपेन्द्र पौडेल मो. नं. ९८५२६८७७७० वा इन्जिनियर अर्जुन घिमिरे, मो. नं. ९८५१२३३२३८ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
८ चैत २०७८, मंगलबार
22 March 2022, Tuesday

## सम्पादकीय

# लेटाङ घटनाको सन्देश

मोरङको लेटाङमा आइतबार साँझ भएको झडपमा नेपाल प्रहरीका एक जवानको ज्यान गयो। स्थानीयसँग भएको झडपमा घाइते प्रहरी जवान उर्मिला श्रेष्ठको मृत्यु भएको हो। झडपमा परी केही प्रहरी घाइते भए। स्थानीय समेत घाइते भए। झडप हुनुको कारण भने न्याय प्राप्त हुनेमा अविश्वास रहेको प्रारम्भिक जानकारीबाट बुझ्न सकिन्छ। किनकि झडप आफ्नै विद्यार्थीमाथि यौन दूर्व्यवहार गरेको आरोप लागेका एक शिक्षकको कारणले सिर्जना भएको थियो। शिक्षक मनोज पौडेललाई आफ्नै विद्यार्थीलाई यौन दूर्व्यवहार गरेको आरोप लागेको थियो। पीडित पक्षको उजुरीपछि आरोपित शिक्षक नियन्त्रणमा लिइनुपर्ने र रोक्न चाहनेमा स्थानीय विभाजित भए। आरोपित शिक्षक नियन्त्रणका निम्ति प्रहरी विद्यालय पुग्यो।

पीडित पक्षले आरोपित शिक्षकलाई छोड्न नहुने अडान राखे। आरोपित शिक्षक प्रहरीसम्म लैजाने तयारी पनि भयो। तर भीड आक्रामक बन्न पुग्यो। प्रहरीसँग झडप भयो। अवस्था नियन्त्रणमा लिन प्रहरीले अश्रुँग्यास र हवाइ फायर गरे। त्यसक्रममा स्थानीय घाइते भए, झनै आक्रामक बने। प्रहरीमाथि आक्रमण भयो। घाइतेहरू मध्ये प्रहरी जवान श्रेष्ठको मृत्यु भयो। मृत्यु आफैमा निन्दनीय छ। अझ झडपकै क्रममा सुरक्षाकर्मीको मृत्यु हुनु गम्भीर विषय हो। झडप र प्रहरी जवानको मृत्युले थुप्रै प्रश्न खडा गरेको छ। सामाजिक मनोविज्ञानको पक्षबारे धेरै चिन्ता गरेको देखिन्छ। किनकि आफ्नै शिक्षकलाई विद्यार्थीमाथि यौन दूर्व्यवहार भएको आरोप लाग्नु, आरोपितलाई नियन्त्रणमा लिइनुपर्ने दबाव सिर्जना हुनु, प्रहरीसँग झडप हुनु र सुरक्षाकर्मीकै मृत्यु हुनुले सामाजिक मनोविज्ञानबारे प्रश्न उठ्नु स्वभाविक हो।

यो घटनाको वास्तविकताबारे थप अध्ययन र अनुसन्धान हुनेछ। आवश्यक कार्बाही हुनुपर्नेछ। तर प्रारम्भिक अनुमानले भने केही प्रश्नहरू स्वभाविक रूपमा खडा भएको छ। बालिका विद्यालयमै सुरक्षित नदेखिनु, आरोपितमाथि उचित कानुनी कार्बाहीको विश्वास स्थानीयमा देखिनु र आरोपित नै बचाउनेजस्तो अपराधिक मनोविज्ञानकै कारण लेटाङ घटना हुन पुगेको छ। विद्यार्थीमाथि यौन दूर्व्यवहारसँग यो घटना जोगिएकाले लैंगिक तथा बालिका हिंसाबारे राज्यबाट भको फितलो न्यायिक सम्पादनले समेत बल पुगेको अनुमान लगाउन सकिन्छ। किनकि बालिकामाथि यौन हिंसा र हत्याका घटना एकपछि अर्कोगरी सार्वजनिक भइरहेको छ। तर दोषी पहिचान गर्ने र कार्बाही हुने प्रत्याभूति आमरूपमा हुन सकेको छैन। त्यसैकारणले पनि लेटाङ घटना भएको हुन सक्छ। तर निष्कर्ष भने अनुसन्धानबाट खुल्नेछ। अहिलेलाई यति भन्न सकिन्छ– अनुसन्धान गम्भीर र निष्पक्ष तरिकाले गरिनुपर्छ। ताकि उर्पान्त लेटाङ दुर्घटना ननिम्तियोस्।

# मङ्गलचौथी र श्रीगणेश

**पूर्वीय दर्शनमा मङ्गलचौथीलाई अत्यन्तै शुभ दिन मानिन्छ। मानिसलाई नैतिक र चारित्रिक बनाउने हाम्रो पूर्वीय दर्शनशास्त्रका अधिकांश रचनाहरूका मूल लेखक श्रीगणेश नै हुन्। पूर्वीय धर्म संस्कतिमा कुनै पनि कार्य सिद्धिका लागि मङ्गलाचरण गर्ने गरिन्छ।**

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

यसपालि यही चैत्र ८ गते र २२ गते एकै महिनामा २ पटक विशेष दिन मंगल चौथी परेको छ। हाम्रो जीवनसँग यस्तो पर्व यस्ता विशेष दिनमा गरिने श्रीगणेशजीको सेवाबारे चर्चा गर्ने यो लेखको उद्देश्य हो। त्यसो त भाद्र शुक्ल चतुर्थीलाई गणेशको जन्मदिनको रूपमा मान्ने चलन हो। यो दिनलाई शिवा भनिन्छ। माघ शुक्ल चौथीलाई भने शान्ता भनिन्छ र हरेक मंगलबारको चौथीलाई भने सुखा भनिन्छ र यी यस्ता दिनहरू विशेष बन्दनीय छन्। अन्य दिनमा गरिएका हजारौं पुण्य कर्म बराबरको फल यस्ता दिनको एकैक्षणले प्राप्त हुन्छ। कल्पअनुसार गणेशजीको उदयबारे फरक मत छ। सूर्य पुत्र शनिको दृष्टि पर्दा उनको शिरच्छेदन भई श्रीविष्णुको हातबाट हात्तीको टाउकाद्वारा जियाइएको प्रसंग पनि छ। कतै माता पार्वतीले आफ्नो शरीरको मयलबाट गणेशको उदय गराइएको र पछि पिता शिवको कोपभाजन हुँदा शिरच्छेदन भएको र माता पार्वतीको शोक निवारण गर्न हात्तीको टाउकोले उनलाई जियाएको कथा प्रसंगहरू भेटिन्छन्। पछि गणेशजीकै व्रतबाट पार्वती माता र सबै देवताको कष्ट निवारण भएका प्रसंगहरू पुराणहरूमा पाइन्छ।

गणेशका ठूला कान छन् जसले हामीलाई अरूको कुरा धेरै सुन्नु पर्ने संकेत गर्छ, तर प्रतिक्रिया दिने कम गर्नुपर्छ। उनमा भएको ठूलो पेटले संसारका सबै प्राणी जति खाए पनि नअघाउने संकेत गर्छ तर, मानिसले थोरै र सात्विक आहार गर्नुपर्ने संकेत मिल्छ। उनका आँखा साना छन्, हात्तीका आँखा साना भए पनि सूक्ष्म सियो पनि उसले सजिलै देख्छ। हात्ती हेर्दा आकारले ठूलो छ तर, एउटा समान्य माउतेको अधीनमा हुन्छ, ऊ। यसको तात्पर्य हामी सबैले अरूलाई ठूलो देख्नु पर्छ, समाजमा आफू सानै देखिएर पनि प्रगतिमा अग्रसर हुन सकिन्छ भन्ने संकेत हो, बडप्पन गर्नु हुन्न भन्ने हो। बाँगो सूँडले भने सबैलाई समालोचनात्मक, समीचीन रूपमा हेर्नु पर्छ भन्ने हो। आगह्र पूर्वाग्रहको दृष्टिले हेर्नु हुँदैन। गणेशका आँखा साना छन् तर संसार हेर्ने दृष्टि साह्रै ठूलो छ। बाहन मूसो हो र पनि मयुर बाहक कुमारभन्दा प्रतिस्पर्धामा खरो उत्रन्छन् श्रीगणेश, आमा बाबुको सेवागर्नु भनेको संसारको विजय गर्नु हो भन्ने संकेत मिल्छ यसबाट। मोहलाई नाश गर्नु भन्ने पनि हो। आफ्नो ह्याउ हेरेर काम गर्ने, घाँटी हेरी हाड् निल्ने अरूको धेरै नक्कल नगर्ने, सादा जीवन उच्च बिचार पनि हो। गणेशको शरीरमा भएका मालाले मानिसले गर्ने हरेक दिनको सुकर्मको गिन्ती गर्न सिकाउँछ, हामीले हरेक दिन कति राम्रो काम गर्न सकियो त्यही नै हाम्रो सम्पत्ति हो भन्ने सिकाउँछ। देवताका गलामा लागेका अक्ष मालाले हामीले पुण्यलाई अक्षय गर्न भनिएको हो। दे उता अर्थात् यता होइन, उपकार गर अरूलाई देऊ को अर्थ नै देवता हो। आफ्नो मात्र सोच्ने जिन्दगी राक्षसी हुन्छ, पशुवत् हुन्छ, मानिस आफैँ देवता हो। यसले जति परोपकार अरू कसैले गर्न सक्दैन।

प्राचीन, अर्वाचीन मात्रै होइन सत्ययुगदेखि नै तपोपुरीको नामले चिनिने नेपालको मुख्यस्थल काठमाडौंको चारै दिशामा सूर्य विनायक, कार्य विनायक, अशोक विनायक र चन्द्र विनायकले यस नगरीलाई संरक्षण दिएका छन्। स्थान विशेषमा गणेशको मन्दिर, मूर्ति मुलुकभरि यत्र तत्र नै छन्। हनुमती, वागमती, विष्णुमती एवं रूद्रमती साक्षी स्वरूप बग्ने चार नदी यी चारै गणेशका स्थलहरू हिजो आज प्रदूषित छन्। यसमा थप अध्ययन अनुसन्धान हुन जरूरी छ। यी लगायत नेपालमा रहेका असंख्य प्रसिद्ध देवदेवी स्थलहरूबाट हामीले वाह्य पर्यटनलाई समेत प्रसस्त टेवा, सेवा गर्न सक्छौँ। विश्वका सभ्य र विकसित क्षेत्रमा जे छैन त्यो हामी कहाँ छ यसलाई हामीले गौरव मान्नुपर्छ, नष्ट हुन दिनु हुँदैन।

पूर्वीय दर्शनमा मङ्गलचौथीलाई अत्यन्तै शुभ दिन मानिन्छ। मानिसलाई नैतिक र चारित्रिक बनाउने हाम्रो पूर्वीय दर्शनशास्त्रका अधिकांश रचनाहरूका मूल लेखक श्रीगणेश नै हुन्। पूर्वीय धर्म संस्कतिमा कुनै पनि कार्य सिद्धिका लागि मङ्गलाचरण गर्ने गरिन्छ। वाणीका देवता श्रीगणेशलाई स्मरण गर्नाले निर्विघ्नतापूर्वक कार्य सम्पन्न हुने र मानिसका इच्छा सिद्धि हुने विश्वास गरिन्छ। शिव-गौरी पुत्रका रूपमा रहेका श्रीगणेशको उदय भाद्रशुक्लचतुर्थीमा भएको हो। त्यस दिनको सर्व कल्याण महत्व वढी भएझैँ माघशुक्ल, असारशुक्ल र मंगलबार सहितको चतुर्थीलाई मानिसका लागि क्रमशः मनको शान्ति र शरीरको सुखको प्रतीकका दिनका रूपमा लिइन्छ। त्यस्तै मंगलबार युक्त चौथी परेको मङ्गलचौथीले जीवनमा असीम आनन्द प्राप्त हुने गर्छ। वर्षमा कहिलेकंही मात्र पर्ने यस्तो पर्वको विशेष महत्व छ।



धर्म-संस्कृति

> श्रीगणेशको उपासनाको अर्थ हुन्छ– व्यक्ति असल संस्कारको हुने। संस्कारले हीन भएको, गायत्री, दीक्षामन्त्रको उपासना नगर्ने, आफ्नो मन्त्र सिद्धि गर्न नसक्नेले गरेको समाज सेवा निरर्थक हुन्छ। ढुंगामा वा मूर्तिमा देवता मान्छेले बनाउने हो, त्यसैले देवता बनाउने शक्ति भएको मान्छेले उसको दिमागले सिर्जना गरेको विज्ञानको दुरूपयोग गर्नु हुन्न।

गणेश उपासना गर्दा धेरै मन्त्र जप गर्न सकिन्छ मूल मन्त्रःभने ॐ एक दन्ताय विद्महे बकतुण्डाय धीमहिः तन्नो दन्ती प्रचोदयात् हो। सबैलाई सजिलो मन्त्र भने ॐ गं गणपतये नमः हो। तनाव, क्रोध, आवेग एवं रक्तचाप र अशान्ति मेटाउन पनि र कलहका कारक मंगलग्रहको दोष निवारण हेतु पनि श्रीगणेशको उपासना गर्नु पर्छ। २१ वटा मगलबारको व्रतले मंगल दोष निवारण हुन्छ। ज्योतिषशास्त्रअनुसार जन्म कुण्डलीमा मंगलदोष, बालग्रह, अरिष्ट शान्ति, त्रिभागी एवं योगीनी दशा शान्ति गर्न पनि मंगलबार श्रीगणेशको विशेष पूजा आराधना गर्नु पर्ने हुन्छ। २१ दुवो, २१ लड्डू, रातो बस्त्र, रातो फूल सहित गणेशजीको उपासना गर्नाले मानिसको स्थूल शरीर र यसैको सूक्ष्म शरीर मनको विकार नाश हुन्छ। व्रतमा गहुँको परिकार र शख्खरको सेवन राम्रो मानिन्छ। यसो गर्दा शरीरका बिकार नाश भई तेज वृद्धि हन्छ। तमाम बिघ्न बाधा हटाई सम्मान चाहनेले श्रीगणेशको आराधनामा अल्छी गर्नु हुन्न। बालकहरूलाई सर्वप्रथम शिक्षा आरम्भ गर्दा श्रीगणेशाय नमः भनी सरस्वतीको पूजा साथ अध्ययन सुरू गराइन्छ भने गणेशको पूजामा वेलपत्र अर्पणलाई निषेध मानिएको छ। विध्नेश, हेरम्व, गजानन, सुर्पकर्ण, विनायक, लम्वोदर, एकदन्त र गणेश गरी तिनको ८ नाम मुख्य छन् भने गणेशका हजार नाम लिई मन्त्र जप र हवन कार्य गर्नाले जुनसुकै कडा रोग पनि निको हुने विश्वास गरिन्छ। सवैजसो पूजामा अग्रपूजाका अधिकारी श्रीगणेश नै हुन्। जीवनको सुख, सौभाग्य, कीर्ति, यश, पराक्रम, धन र मनोवल प्राप्त गर्न गणेशकै आशीर्वाद आवश्यक छ। मानिसको शरीर भनेको पञ्चतत्वको पिण्ड हो। चित्त शक्ति आत्माको प्रवेशले यसलाई चलायमान गरेको हुन्छ। प्रकृतिका पाँच तत्वले बनेको शरीर संरक्षणमा पाञ्चायन देवता शिव-विष्णु-देवी-सूर्य र गणेशको प्रमुख देन रहेको हुन्छ। शिव ज्ञानका प्रतीक, विष्णु शरीर सन्चालनका प्रतीक, देवी शक्तिको प्रतीक, सूर्य आत्माको प्रतीक र गणेश वाक् शुद्धि, वाणीका प्रतीक हुन्। कोमल हिर्दय र मधुर वाणीका लागि गणेशको सेवा गर्नु पर्छ।

पूजा वा उपासना भन्नु मनको एकाग्रता नै हो, निष्ठा हो, एकाग्र मनले लगनशील भएर गरिएको कुनै पनि कार्य सफल हुन्छ, पूर्ण हुन्छ। स्वच्छ र पवित्र मनले गरिएको सात्विक संकल्प र दृढ निश्चयले मानिसले जस्तोसुकै कठिनतम कार्य पनि सजिलै गर्न सक्छ। आत्मवल, मनोवल प्राप्त हुने देवदेवीको उपासनाले मानिसका आवश्यकता भुक्ति र मुक्ति दुवै मिल्छ। मनको व्यापार हटाएर शुद्ध, सात्विक भई पूजा, उपासनामा बस्नाले मानिसलाई आनन्द प्राप्त हुन्छ। अन्य विषय वस्तु विकारहरूबाट प्राप्त हुने आनन्द दिगो हुँदैन, सात्विक निष्ठाबाट प्राप्त हुने आनन्द बढी दिगो हुन्छ। आनन्दको अर्को नाम नै ईश्वर हो चाहे गणेश, शिव, विष्णु बुद्ध वा अल्लाह जे भने पनि ! निश्चित नियम, आचरण र संकल्पको साथ सेवामा समर्पित हुन प्रेरणा दिने पूर्वीय धर्म, संस्कृतिको जरो हाम्रो मुलुकमा वैदिक चिन्तनको अथाह भण्डार रहेको छ। पश्चिमी संस्कृतिका मानिसहरू यस्तो स्रोत केन्द्रको अध्ययन अनुसन्धान गर्दैछन्। युरोप, अमेरिका, जर्मनीतिर यसबारे खोजवीन बढेको छ, हामी भने डुंगा चल्दैछ, पाइला मेटिँदैछ भन्ने अबस्थामा पुगेका छौं, धर्म कर्ममा स्त्रीहरूलाई मात्र सुम्पिने परम्परा बसेको छ, स्त्री, दिदी, बहिनीहरूमा पनि नव पुस्तामा चासो घटेको देखिन्छ।

